NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

# भूतपूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टरको नेपाल र म्यानमार भ्रमण

**मार्च** २२, २०१३

**तत्काल प्रकाशनको लागि**

**सम्पर्कः एटलान्टामा, डेवोरा हेक्स +१ ४०४–४२०–५१२४; काठमाण्डौंमा, डेविड ह्यामिल्टन +९७७ ०१ –४४४– ५०५५**

**एटलान्टा**...भूतपूर्व अमेरिकी राष्ट्रपति जिम्मी कार्टर मार्च २९ - अप्रिल ६ मा नेपाल र म्यानमारको भ्रमण गर्दै हुनुहुन्छ।

नेपालमा उहाँले विलम्बित राष्ट्रिय चुनाव सम्पन्न गर्नेतर्फ प्रगतिको लागि प्रोत्साहित गर्न तथा कार्टर सेन्टरको दिर्घकालीन शान्ति अनुगमन र प्रतिवेदनको कार्यको सहयोग गर्ने वरिष्ठ सरकारी कर्मचारीहरु, राजनीतिक दलका नेताहरु, र नागरिक समाजका प्रतिनिधिहरुसँग भेटघाट गर्नुहुनेछ।

थप जानकारी पछि दिनेगरि, तत्कालको लागि काठमाण्डौंमा अप्रिल १ मा एक पत्रकार सम्मेलनको तयारी गरिएको छ। नेपालमा कार्टर सेन्टरको कार्यबारे www.cartercenter.org/nepal मा पढ्नुहोस्।

नेपाल भ्रमणपछि राष्ट्रपति कार्टरले म्यान्मारको लागि कार्टर सेन्टर प्रतिनीधि मण्डलको नेतृत्व गर्नुहुनेछ जहाँ सेन्टरले देशको जारी प्रजातान्त्रिक संक्रमणमा सहयोग गर्न उपायहरुको खोजि गरिरहेको छ। प्रतिनीधि मण्डलले सरकार र राजनितिक नेताहरु र नागरिक समाजका प्रतिनिधिहरुसँग भेटघाट गर्नेछ।

####

*"शान्ति आरम्भ गर्दै। रोगविरुद्ध संघर्ष गर्दै। आशा निर्माण गर्दै।*

*कार्टर सेन्टर १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो। लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकाशशील राष्ट्रका किसानहरुलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उन्नति गर्न सहयोग गरेको छ।* कार्टर सेन्टरको बारे थप जानकारीका् लागि *www.cartercenter.org मा हेर्नुहोस्।*